महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

*मितिः २०८१ बैशाख २६ गते*

## *घर नै असुरक्षित : "महिलामाथि हुने हिंसाका आरोपित श्रीमान् र परिवारका सदस्य बढी"*

### *लैंगिक हिंसा सम्बन्धि त्रैमाशिक प्रतिवेदन, २०८१*

महिला पुनर्स्थापना केन्द्र, ओरेकले महिला तथा किशोरी अधिकार स्थापनार्थ तथ्यगत पैरवी गर्दै आईरहेको छ। जसका लागि संस्थाले समुदायसँगको समन्वयमा महिला तथा किशोरीमाथि हुने हिंसाका घटनाहरु संकलन, व्यवस्थापन तथा अभिलेखन गरी बिश्लेषणात्मक प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिदै आइरहेको छ। संस्थाले महिला हिंसाका घटना तथा यससँग सम्बन्धित पत्रपत्रिकामा प्रकाशित घटनाहरुलाई संकलन गरी यस अंकमा जनवरीदेखि मार्च २०२४ सम्म अभिलेखिकरण गरिएका तथ्याकंलाई त्रैमाशिक प्रतिवेदन प्रकाशन गरेको छ। यस समयावधिमा ओरेकमा महिला हिंसा सम्बन्धी कुल ३२९ वटा लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क अभिलेखिकरण भएको छ। जसमध्ये ६४ वटा लैंङ्गक हिंसाका घटनाहरु राष्ट्रिय पत्रपत्रिकाबाट संकलन गरिएका हुन्। कुल ३२९ महिला हिंसाका घटना संकलनबाट ५८ प्रतिशत महिला हिंसाका घटना परिवारका सदस्य र श्रीमान्बाट भएको पाइएको छ ।

### क) महिला हिंसाको प्रकार



## ख) उमेरको आधारमा महिला हिंसाको स्वरुप




## ग) प्रभावित र पीडक विचको सम्बन्ध



## घ) आरोपितको उमेर अवस्था




ओरेकले गरेको अभिलेखिकरणका आधारमा ५२ प्रतिशत अर्थात १७० वटा घटना घरेलु हिंसाका छन् भने क्रमशः १० (३४ वटा) प्रतिशत सामाजिक हिंसा, १६ (५१ वटा) प्रतिशत बलात्कारका घटना, ३ (११ वटा) प्रतिशत बलात्कार प्रयासका घटना दर्ता भएका छन् । यस अवधिमा महिलामाथि बलात्कार प्रयास, सामुहिक वलात्कार हत्या प्रयास, बैवाहिक वलात्कारका घटनाहरु समेत दर्ता हुनुले महिला हिंसाको उच्च जोखिममा रहेको पुष्टि गर्दछ । घरपरिवार, समाज र राज्यमा जरो गाडेर बसेको महिलालाई हेर्ने बिभेदकारी दृष्टिकोणका कारण महिलाले निरन्तर हिंसा भोग्नु पर्ने नियती अझ विद्यमान रहेको छ भन्ने तथ्यको पुष्टि माथिको तथ्याङ्कबाट गर्दछ । यति मात्र हैन, महिलामाथि हिंसा गर्ने व्यक्ति उनका श्रीमान् र परिवारका सदस्य नै रहनुले महिलालाई दोस्रो दर्जाको नागरिक र विवाह गरेर गएको घरमाथिको स्वामित्व र अधिकार महिलाको हो भन्ने कुरालाई स्विकार नगरेको प्रष्ट हुन्छ ।

त्यसैगरी प्रभावित हने  महिलाको उमेर समहलाई विश्लेषण गर्दा १८ देखि ३५ वर्ष उमेर समुहका प्रभावित महिलाको संख्या  ५२ प्रतिशत रहको छ भने ५८ प्रतिशत पीडक प्रभावितको श्रीमान् र परिवारका सदस्य नै रहेको पाइएको छ ।

यो तथ्याङ्कबाट महिलाहरु घर परिवार जहाँ मानिसको सुरक्षित वासस्थानको अधिकार सुनिश्चित हुनु पर्ने संवैधानिक अधिकार माथि नै चुनौती रहेको देख्न सकिन्छ। त्यसैगरी उत्पादनशिल उमेर समुहको एउटा पक्ष हिंसात्मक बनेको छ भने अर्को पक्ष हिंसा सहन बाध्य छ। सबैभन्दा सुरक्षित हुनुपर्ने घर भित्र नै हिसात्मक ब्यवहार हुँदा महिलाहरुको लागि सुरक्षित जीवनयापनको बिकल्प के त ? पितृसत्तात्मक सोच र ब्यवहारले महिलाको शरीरलाई एक अनुत्पादक वस्तु र बिना पारिश्रमीकको स्याहारमुलक काम गर्ने श्रमीकको रुपमा सदिऔंदेखि स्थापित गर्दै आईरहेको छ। महिलाले गर्ने कामलाई अर्थसँग जोडिएको छैन। त्यसैगरी महिलाको शरिरलाई जहिलेपनि यौन साधनको रुपमा मात्रै बुझ्ने महिला द्धवेसी दृष्टिकोणले महिलालाई कमजोर देखाई महिलामाथि हिंसा भइरहेको यथार्थ हामी सामु छ। यसर्थ महिलाको श्रमको मान्यता र आफ्नो सरिरमाथि आफ्नो अधिकार स्थापित नभएसम्म हिंसा अन्त्य हुन सक्दैन। यसका लागि विभेद र हिंसालाई मलजल गर्ने सोच, दृष्टिकोण र व्यवहार साथै समाजले बनाएको लैंगिक भुमिका परिवर्तन गर्ने अभियान र नीतिगत व्यवस्थाको आवश्यकता छ।

सुनिता मैनाली

**कार्यकारी निर्देशक**